

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २२ गते आइतबार ❑ 7 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## राष्ट्रियसभा निर्वाचनका लागि गण्डकीमा तीन सिटमा चुनाव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

राष्ट्रियसभा सदस्य निर्वाचन-२०८० अन्तर्गत गण्डकी प्रदेशमा तीन सिटमा निर्वाचन हुने भएको छ ।

आगामी माघ ११ गते हुने निर्वाचनमा गण्डकी प्रदेशमा दुई सय ३० जना मतदाता रहेका छन् । निर्वाचनको तयारीका लागि प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेको छ ।

यसैगरी अन्तिम मतदाता नामावली प्रकाशनलगायत तयारी काम अघि बढाइएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । गण्डकीमा कास्की जिल्ला अदालतका जिल्ला न्यायाधीश ऋषिराम आचार्य निर्वाचन अधिकृत तोकिनुभएको छ । राष्ट्रियसभाका अध्यक्षसमेत रहनुभएका गणेशप्रसाद तिमिल्सिना, राष्ट्रियसभा सदस्यद्वय दीपा गुरुङ र प्रकाश पन्थको कार्यकाल सकिन लागेकाले तीन सिटमा चुनाव हुन लागेको हो । तिमिल्सिना अन्य, गुरुङ महिला र पन्थ अपाङ्गता/अल्पसङ्ख्यक समूहबाट निर्वाचित हुनुभएको थियो । अध्यक्ष तिमिल्सिना र गुरुङ नेकपा (एमाले) र पन्थ कांग्रेसबाट राष्ट्रियसभामा निर्वाचित हुनुभएको थियो ।

निर्वाचनको उम्मेदवार मनोनयन नजिकिँदै गरेकाले दलहरू उम्मेदवार छनोटमा लागेका छन् । नेपाली कांगेस, नेकपा (एमाले) तथा नेकपा (माओवादी केन्द्र)ले जिल्ला तथा प्रदेशबाट आकांक्षीहरूको नामावाली पार्टी केन्द्रमा सिफारिस गरिसकेका छन् । यही पुस २३ गते उम्मेदवार मनोनयनको कार्यतालिका रहेको छ ।

गण्डकी प्रदेशमा प्रदेशसभाका ६० र स्थानीय तहका एक सय ७० गरी दुई सय ३० जना मतदाता छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको १९ मतभार तोकिएको छ । प्रदेशसभातर्फ तीन हजार एक सय ८० र स्थानीय तहतर्फ तीन हजार दुई सय ३० गरी कुल छ हजार चार सय १० मतभार छ । प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका प्रदेशसभाका २७ र स्थानीय तहतर्फ प्रमुख र उपप्रमुख गरी ६७ जना मतदाता रहेका छन् । कांग्रेसको कुल मतभार दुई हजार सात सय चार रहेको छ ।

नेकपा (एमाले)का २२ प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख र उपप्रमुख गरी ६८ जना रहेका छन् । एमालेको जम्मा मत भार दुई हजार चार सय ५८ हुन आउँछ । माओवादी केन्द्रका प्रदेशसभा सदस्य आठ र स्थानीय तहका प्रमुख-उपप्रमुख ३० गरी कुल नौ सय ९४ मतभार छ । प्रदेशमा नेकपा (एकीकृत समाजवादी)का एक प्रदेशसभा सदस्य र एक नगरप्रमुख गरी समाजवादीसँग ७२ मत भार छ । गण्डकी प्रदेशसभामा दुई सदस्य रहेको राप्रपाको एक सय छ मत भार छ । राष्ट्रिय जनमोर्चाको स्थानीय तहका प्रमुख-उपप्रमुख गरी तीन जना रहेकाले ५७ मतभार छ । मनाङको निस्याङ गाउँपालिका उपाध्यक्ष छिरिङ गुरुङले स्वतन्त्रबाट जित्नुभएको हो । उहाँको मतभार १९ छ ।

## कृषि यान्त्रीकरण प्रदर्शनीमा करिब २० हजार दर्शक भित्रिएको दाबी

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस




पोखराको प्रदर्शनी केन्द्रमा जारी प्रथम प्रादेशिक कृषि यान्त्रीकरण प्रदर्शनीको दोश्रो दिन शनिबारसम्म करिब २० हजार दर्शक भित्रिएको दाबी गरिएको छ । शुक्रबार देखि सुरु भएको प्रदर्शनीमा दुई दिनमा करिब २० हजार दर्शक भित्रिएको नेपाल कृषि मेसिनरी व्यापारी संघका अध्यक्ष कृष्ण शर्माले बताउनु भयो ।

प्रदर्शनीमा शनिबार मात्र नगद ३० लाख मुल्य बराबरको आर्थिक कारोवार भएको छ भने ३ करोड मुल्य बराबरको कृषि औचार तथा सामानहरुको खरिद गर्न अग्रिम बुकिङ भएको अध्यक्ष शर्माले बताउनु भयो । उक्त प्रदर्शनीमा हाते ट्र्याक्टरको बढी खरिद तथा बुकिङ भएको उहाँले बताउनु भयो । यही पुस २२ गत आइतबारसम्म चल्ने उक्त प्रदर्शनीमा नेपाल सहित भारत, चाइना, जापान, डेनमार्ग, थाइल्याण्ड सहित १० बढी मुलुकबाट कृषि औजार, उपकरण तथा प्रबिधिहरू प्रदर्शनी एवं बिक्रि भई रहेको छ । कृषि यान्त्रीकरणको प्रबर्द्धन र सचेतना गराउने उद्धेश्यले आयोजना भएको उक्त प्रदर्शनीमा न्यूनतम १० प्रतिशत देखि ३० प्रतिशतसम्म छुट भएको अध्यक्ष शर्माले दाबी गर्नु भयो । प्रदर्शनीमा ६० भन्दा बढी व्यावसायिक तथा सेवामुलकका ७० वटा स्टलहरू भएको अध्यक्ष शर्माले बताउनु भयो । उक्त कार्यक्रममा हालसम्म करिब ४० जिल्लाका सहभागी भएको उहाँले जनाउनु भयो । प्रदर्शनीमा कृषि औजार, उपकरण, प्रविधि उत्पादक उद्यमी व्यवसायीहरु, आयातकर्ता, वितरक, डिलर, सब-डिलरहरु, सरकारी एवं गैढ़ सरकारी संघ संस्थाहरु, कृषि विज्ञ, अनुसन्धानकर्ता, शैक्षिक संस्थाहरु, अनुसन्धान संस्थाहरु सेवा प्रदायक कृष कृषक समूह, सहकारी संघ संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरूको सहभागीता भएको छ । प्रदर्शनीमा नेपालको कृषि तथा पशुपालन क्षेत्रलाई यान्त्रीकरण, औद्योगिकरण, आधुनिकीकरण तथा व्यबसायीकरण गर्न टेवा पुर्याउने उद्देश्यले आयोजना गरिएको यस प्रदर्शनीमा आधुनिक कृषि, पशुपालन, मत्स्यपालन, पुष्प खेती, व्यवसायीक तरकारी खेती र प्रशोधन तथा बजारीकरण सम्बन्धी आधुनिक यन्त्र, उपकरण तथा प्रविधिका सामाग्री, बीउबिजन, आधुनिक सिंचाई लगायतको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा रहेका प्रतिष्ठित कम्पनीहरुको सहभागिता रहेको संघले जनाएको छ । गण्डकी प्रदेश, कृषि विकास निर्देशनालय-मालेपाटन, पोखरा, पोखरा महानगरपालिका, पोखरा, कास्की, नेपाल सरकार, कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन र यस संघको संयुक्त आयोजनामा उक्त कार्यक्रम भएको हो । कृषि यान्त्रीकरण प्रवर्द्धन सम्बन्धी गोष्ठी, सेमिनार, रैथाने वालीहरुको परिकार प्रदर्शन तथा कृषि जैविक विविधता संरक्षण सम्बन्धी प्रदर्शनी, कृषि जैविक विविधता संरक्षण सम्बन्धी छलफल/अन्तरक्रिया भई रहेको छ ।

## निजामती सेवा ऐन तत्काल कार्यान्वयन गर्नुपर्छ : नेता ज्ञवाली

**पोखरापत्र संवाददाता**
पर्वत, २१ पुस

नेकपा (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले सङ्घीय निजामती सेवा ऐन पारित गरेर तत्काल कार्यान्वयनमा ल्याउन माग गर्नुभएको छ ।

नेपाल निजामती कर्मचारी सङ्गठन पर्वतको जिल्ला परिषद् तथा प्रशिक्षण कार्यक्रमलाई आज पर्यटकीय गाउँ भुकदेउरालीमा सम्बोधन गर्दै नेता ज्ञवालीले निजामती ऐन कार्यान्वयनमा नल्याउँदा प्रशासनिक क्षेत्रमा समस्या पैदा हुँदै गएको धारणा राख्नुभयो । उहाँले सरकारले तत्काल सदनमा लगेर निजामती ऐन पारित गराउनुपर्नेमा जोड दिनुभयो । उहाँले निजामती सेवा तथा शिक्षा ऐनलगायतका विधेयक पारित नहुँदा सङ्घीयता कार्यान्वयनमा समस्या भएको बताउनुभयो । "आम कर्मचारीको मनोबल बढाउनका लागि पनि तत्काल यो पारित गरेर कार्यान्वयनमा ल्याउनुपर्छ", उहाँले भन्नुभयो । संविधान जारी भएको आठ वर्ष बितिसक्दा पनि नयाँ संविधानअनुरूप सङ्घीयता कार्यान्वयनसम्बन्धी कानुन निर्माण हुन नसक्नु आश्चर्यको विषय भएको उहाँको भनाइ थियो ।

पूर्वमन्त्रीसमेत रहनुभएका ज्ञवालीले आसन्न राष्ट्रियसभा निर्वाचनमा एमालेले सबै पदमा उम्मेवार उठाउने बताउनुभयो । राष्ट्रियसभा निर्वाचनमा एमालेसँग सहकार्य गर्न खोजिएको बताउँदै कसैको विश्वासमा लागेर एमालेले कुनै सहमति र सम्झौता नगर्ने दाबी गर्नुभयो । एमाले सरकारको खेलमा भन्दा पनि पार्टी मजबुत बनाउनतर्फ लागेको बताउँदै ज्ञवालीले २०८१ साललाई शुद्धीकरण वर्षका रूपमा मनाउन तयारी गरेको बताउनुभयो ।

कार्यक्रममा एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरीले सङ्घीय निजामती ऐन पारित गर्न सरकारले आनाकानी गरेको आरोप लगाउनुभएको छ । उहाँले कर्मचारी आम नागरिकका सेवक भएको बताउँदै नागरिकलाई चुस्तदुरुस्त सेवा प्रवाह गर्नसमेत आग्रह गर्नुभयो । स्थायी सरकारका रूपमा रहेका कर्मचारीलाई राज्यले उचित सम्बोधन गर्न नसकेको बताउनुभयो ।

## कार्यान्वयन हुने योजना मात्रै पञ्चवर्षीय योजनामा समेट्छौँ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
दमौली, २१ पुस

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कार्यान्वयन गर्न सकिने योजनालाई मात्रै पञ्चवर्षीय योजनामा समेटिने बताउनुभएको छ । गण्डकी प्रदेश नीति तथा योजना आयोगले आज तनहुँको बन्दीपुर गाउँपालिका-५ मा आयोजना गरेको दोस्रो पञ्चवर्षीय योजनासम्बन्धी अन्तर्क्रियामा मुख्यमन्त्री पाण्डेले कार्यान्वयन गर्न सकिने योजनालाई मात्रै समेट्न सके त्यो प्रभावकारी हुने उल्लेख गर्नुभयो । मुख्यमन्त्री पाण्डेले गाउँबाट सहरतर्फ बसाइँसराइकोक्रमबढेकालेगाउँबाट हुने जनशक्ति पलायन रोक्ने नीति पहिलो प्राथमिकतामा रहने बताउनुभयो । उहाँले शिक्षा, स्वास्थ्य, रोजगारीलाई पनि प्राथमिकताका साथ पञ्चवर्षीय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दुई लाख राशीको श्रीपती समाजसेवा पुरस्कारबाट विन्ध्यबासिनी धार्मिक क्षेत्र विकास समिति पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

श्रीपती समाज सेवा पुरस्कारबाट पोखराको विन्ध्यबासिनी धार्मिक क्षेत्र विकास समिति पुरस्कृत भएको छ ।



पोखराको श्रीपती कोइराला गुठीद्वारा सञ्चालित श्रीपती समाज सेवा पुरस्कार-२०८० बाट पोखरा महानगरपालिका वडा नम्बर-२ स्थित विन्ध्यबासिनी मन्दिरको विकाससँगै मानवीय सेवामासमेत समर्पित विन्ध्यबासिनी धार्मिक क्षेत्र विकास समिति पुरस्कृत भएको हो ।

श्रीपती कोईराला गुठीको ३१ औं साधारण सभाको अवसर पारेर समितिलाई पुरस्कार अर्पण गरिएको हो । कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, गुठीका अध्यक्ष फडिन्द्रराज कोईरालालगायतले विन्ध्यबासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठ र सदस्य सचिव तीर्थ श्रेष्ठलाई सो पुरस्कार अर्पण गरेका थिए ।

पुरस्कारको राशी नगद दुई लाख २२ हजार २ सय २२ सहित ताम्रपत्र, दोषल्ला र पदक रहेको छ । पुरस्कृत संस्था विन्ध्यबासिनी धार्मिक क्षेत्र विकास समिति नेपालको प्रमुख शक्ति पीठहरु मध्येको एक विन्ध्यबासिनी मन्दिरको संरक्षण, विकास, बिस्तार र सौन्दर्यकरणमा खटिदै आएको छ । नेपाली र भारतीयहरुको पुजनीय केन्द्रको रुपमा रहेको विन्ध्यबासिनी मन्दिर हिन्दु मात्र नभई गैर हिन्दु समेतको आस्थाको प्रतिकको रुपमा रहेको छ । विन्ध्यबासिनी धार्मिक क्षेत्र विकास समितिले मन्दिरको संरक्षण र विकाससँगै सामाजिक सेवालाई पनि उत्तिकै प्राथमिकताका साथ काम गर्दै आएको छ । विन्ध्यबासिनी धार्मिक विकास अन्तर्गत बहुउद्देश्यीय सत्संग भवन, विन्ध्यबासिनी वैदिक विद्याश्रमको छात्रवास भवन, सत्य हवन हुने यज्ञ मण्डप र पूजा मण्डप, विन्ध्यावासिनी बौधिक विद्याश्रम, विभिन्न देवी देवताका मठ मन्दिरहरु रहेका छन् । सिमितिले विन्ध्यबसिनी गुरुकुल विद्याश्रम निःशुल्क आवासिय रुपमा संचालन गर्नुका साथै जेष्ठ नागरिक सेवा केन्द्रको रुपमा दिवा सेवासमेत सञ्चालन गर्दै आएको छ । विन्ध्यबासिनी धार्मिक क्षेत्र विकास अन्तर्गत प्राकृतिक चिकित्सालयपनि सञ्चालन गर्दै आएको छ । सर्वशुलभ रुपमा एम्बुलेन्स प्रदान गर्नुका साथै शारिरिक असक्षमता भएका नागरिक र जेष्ठ नागरिकका लागि मन्दिर दर्शका लागि लिफ्टसमेत सञ्चालन गरिएको छ । धर्म साँस्कृतिक संरक्षणका लागि धार्मिक कथा वाचन संचालन गर्ने गरिएको छ । टाढा टाढाबाट आउने साधु सन्त तथा दर्शनार्थीहरुका लागि आवास तथा भोजनको व्यवस्था गरेर समाजमा उत्कृष्ठ सामाजिक सेवा प्रदान गरेको भन्दै यस वर्षको श्रीपती समाज सेवा पुरस्कार प्रदान गरिएको गुठीका सदस्य सचिव नवराज कोईरालाले जानकारी दिए । यसअघि यो पुरस्कारबाट मानव बेचबिखनको क्षेत्रमा काम गर्ने संस्था 'माईती नेपाल', महावीर पुनको राष्ट्रिय आविस्कार केन्द्र र सर्लाहीको पद्म भुवनेश्वरी नमूना बृद्ध सेवा आश्रम पुरस्कृत भइसकेका छन् । कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले श्रीपती कोईराला गुठी समाज सेवाको क्षेत्रमा अब्बल नाम रहेको बताए । ईतिहासलाई गौरवका साथ लिन नसक्ने हो भने वर्तमान गौरव गर्न लायक हुँदैन,उनले भने,'तर आजको पुस्ता अनुदार छ । आजको पुस्ताले हिजोको दुःख नदेखेर हो कि ? नबुझेर हो कि ? वा हामीले नबुझाएर हो । आज एकलकाँटेपन व्यक्ति, परिवार र समाजमा नै देखिदैछ । यसो हुँदाहुँदैपनि श्रीपती कोईराला गुठी भने समाजमा उदाहरणीय बनेर समाजसेवा गरेर ख्याती कमाईरहेको छ ।' मेयर आचार्यले पुरस्कृत संस्था विन्ध्यबासिनी धार्मिक क्षेत्र विकास समितिले मन्दिरको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र सौन्दर्यकरणसँगै सामाजिक काममा पुऱ्याएको योगदानको मुक्त कण्ठले प्रशंसा गरे । विन्ध्यबासिनी मन्दिर आज धार्मिक क्षेत्र मात्र नभई पर्यटकीय केन्द्र बनेको छ,उनले भने,'यो सब समितिको

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेफा गण्डकी प्रदेशको अध्यक्षमा दवाडी सर्वसम्मत निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ संघ (नेफा) गण्डकी प्रदेशको अध्यक्ष पदमा बसन्तराज दवाडी सर्वसम्मत निर्वाचित भएका छन् ।

नेफा गण्डकीको शनिबार पोखरामा सम्पन्न प्रथम अधिवेशनले आगामी चार वर्षका लागि अध्यक्षमा दवाडीसहित सम्पूर्ण कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो । संघको प्रथम उपाध्यक्षमा भरत प्रसाद तिमिल्सिना, द्वितिय उपाध्यक्षमा रन देवी गुरुङ, सचिबमा शर्मिला शर्मा र सहसचिवमा सन्तोष काफ्ले निर्वाचित भए । सम्पन्न अधिवेशनले कार्यसमितिको सदस्यमा रिता श्रेष्ठ थापा, सविता तामाङ, जिम प्रसाद श्रेष्ठ र सुनिल रावल निर्वाचित भएका छन् । यस अघि अधिवेशनको उद्घाटन गर्दै प्रदेश खेलकुद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले खेलकुद र पर्यटनलाई जोड्न सके पर्यटकको बसाई लम्ब्याउन सकिने बताए । नेपाली प्याराग्लाइडिङ खेल संगै सहाशिक खेलकुदको विकासले नेपाली पर्यटन उद्योगलाई माथी उठाउन महत्वपूर्ण भूमिका खेलेको बताउँदै भने–“खेलकुदले पर्यटकको बसाई लम्ब्याउन मात्रै नभई राष्ट्रिय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्दछ । तर त्यसतर्फ ध्यान पुग्न सकेको छैन ।” नवौं राष्ट्रिय खेलकुद अन्तर्गत प्याराग्लाइडिङ खेलमा भएको दुखद दुर्घटनाको स्मरण गर्दै सदस्य सचिव शर्माले गण्डकी प्रदेशका सबै जिल्लामा प्याराग्लाइडिङ खेल विकासको



सम्भावनाको खोजी गर्दै अगाडी बढ्न प्रदेश खेलकुद परिषद तयार रहेको बताए । जल, जमिन र आकाशमा हुने तिन तहकै सहाशिक खेलहरुको विकासका लागि परिषद सहकार्य गर्न तयार रहेको जनाउँदै उनले प्याराग्लाइडिङ खेलको विकास र खेलाडी उत्पादनमा समेत ध्यान दिन आग्रह गरे । सुचिकृत भएका रेफ्रि र प्रशिक्षकहरुको आकस्मिक विमा गर्ने, खेल संघहरुलाई सुशासनतर्फ अघि बढाउने, खेल पदकको घोषणा गर्ने गरी परिषद अघि बढेको उनको भनाई थियो । उद्घाटन कार्यक्रममा बोल्दै नेफाका केन्द्रिय अध्यक्ष भुपेन्द्र चाम्लिङले नेफाले चाँडै नै बन्द रहेको सोलो उडान खोल्न सम्वन्धित मन्त्रालयहरु संग छलफल अघि बढाएको जनाउँदै राष्ट्रका लागि पदक दिलाउने खेलको विकासका लागि राज्य पक्ष यसबारे गम्भिर हुनुपर्ने बताए । उनले सातै प्रदेशमा खेलको विस्तार संगै खेलाडी उत्पादनमा समेत संघले आफ्ना योजनाहरु तय गरेको बताए । संघका वरिष्ठ उपाध्यक्ष एवं संविधान सभाका सदस्य किरण राईले सहाशिक खेलको विकास नेपालमा समय सापेक्ष अनुसार विकास हुन नसकेको उल्लेख गर्दै सफल र असफलताहरुको विचबाट समयानुकुल रुपमा प्याराग्लाइडिङ खेलको विकास आवश्यक रहने कुरामा जोड दिए ।

नेपाल पर्यटन बोर्डका पूर्व सदस्य एवं पर्यटनविद बाशुदेव त्रिपाठीले पोखरा अब चाँडै पर्यटन राजधानीको रुपमा घोषणा हुन गइरहेकोले पर्यटनको राजधानीका लागि प्याराग्लाइडिङ लगायत अन्य सहाशिक खेलका गन्तव्यहरुको पहिचान र विकास आवश्यक रहने कुरामा जोड दिए । नेफा गण्डकी तदर्थ समितिका अध्यक्ष समेत रहेका दवाडीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव शर्मिला शर्माले प्रस्तुत गरेको सचिवको प्रतिवेदन र कोषाध्यक्ष रितु श्रेष्ठले प्रस्तुत गरेको कोषाध्यक्षको प्रतिवेदन समेत पारित गरेको छ । नेफा गण्डकी प्रदेश निर्वाचन समितिका संयोजक रहेका अधिवक्ता विष्णु प्रसाद अधिकारी र सदस्य मधु पन्थीले निर्वाचन सम्पन्न गरेका थिए । यसै विच नेफा गण्डकीको प्रथम बैठकले प्रथम अधिवेशन सम्पन्न गर्न सहयोग गर्नेहरु प्रति आभार व्यक्त गर्दै तिन सदस्यिय प्राविधिक समिति गठन गरेको छ । समितिमा विमल अधिकारी, शुसिल गुरुङ र रामराज अधिकारी रहेका छन् ।

## कार्यान्वयन ...

योजनामा समेट्ने उल्लेख गर्नुभयो ।

सो अवसरमा गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जितप्रकाश आलेले समग्र गण्डकी प्रदेशको हित हुनेगरी योजना बनाइने दाबी गर्नुभयो । त्यस अवसरमा तनहुँ निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्ले, निर्वाचन क्षेत्र नं २ का प्रतिनिधिसभा शङ्कर भण्डारी, राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, सुरेश आलेमगर, तनहुँ क्षेत्र नं १ प्रदेशसभा (१) का सदस्य अशोककुमार श्रेष्ठ, तनहुँ क्षेत्र नं १ प्रदेशसभा (२) का सदस्य हरिबहादुर चुमान, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले पञ्चवर्षीय योजनामा समेट्नुपर्ने विविध विषयमा सुझाव दिनुभएको थियो । आत्मनिर्भर र समुन्नत प्रदेश सम्मानित प्रदेशवासी भन्ने सोच र उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्यका साथ दोस्रो पञ्चवर्षीय योजना बनाउन लागिएको र त्यसमा सुझाव लिन अन्तर्क्रिया गरिएको आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले बताउनुभयो ।

पञ्चवर्षीय योजनाको अवधारणापत्र तयार भएको र त्यसमा प्रदेशको अर्थतन्त्रको सुदृढीकरण, वित्तीय स्रोत पहिचान र व्यवस्थापन, सामाजिक सुरक्षा, समावेशीकरण, श्रम रोजगारी, उत्पादन तथा गरिबी न्यूनीकरणलगायत क्षेत्र समेटिएको उहाँले जानकारी दिनुभयो ।

## दुई लाख राशीको...

अहोरात्र खटाईको परिणाम हो ।' साधारण सभाको अवसरमा शिक्षा क्षेत्रतर्फ विभिन्न तहमा सर्वोत्कृष्ठ ठहरिएका विद्यार्थीहरुलाई श्रीपती विद्या पदक प्रदान गरिएको थियो भने गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिसमेत प्रदान गरिएको थियो । श्रीपती कोईराला गुठी १८६४ सालमा जन्मेका श्रीप्रसाद कोईरालाको नाममा स्थापित संस्था हो । विद्वान श्रीपतीले तत्कालीन राजा राजेन्द्र शाहले बकसमा दिएको पोखराका पाँच गाउँ महेन्द्रपुल, गैह्रापाटन, पर्स्याङ, नदीपुर र बास्तोलाथर दिएपछि उनले सामाजिक कार्य गर्न गुठी स्थापना गरेको गुठीका निवर्तमान अध्यक्ष लक्ष्मणप्रसाद कोईरालाले जानकारी दिए ।

# बाह्रौं पोखरा महोत्सवलाई विभिन्न संघ संस्थाले झाँकी र्‍याली सहभागी गराउने

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

रवि एण्ड सन्नी इण्डष्ट्रीज प्रालिको उत्पादन बेटर होम एपलायन्सेसको मुख्य प्रायोजन रहेको बाह्रौं संस्करणको पोखरा महोत्सवलाई पोखरामा रहेका विभिन्न संघ संस्थाहरुले झांकी र्‍याली सहभागी गराउने भएका छन । महोत्सवको सुरुवातीदेखीनै पोखराका संघ संस्थाहरुले सहयोग गर्दै आइरहेकोमा बाह्रौं संस्करणको पोखरा महोत्सवलाई पनि विगतका महोत्सवहरुलाई जस्तै पोखराका संघ संस्थाहरुले झांकी र्‍याली सहभागी गराउने भएका हुन । शनिवार पोखरा महोत्सव स्थल अमरसिंह खेल मैदानमा संघ संस्था समन्वय तथा झांकी र्‍याली ब्यवस्थापन उपसमिति द्धारा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागी विभिन्न संघ संस्थाका प्रतिनिधीहरुले बाह्रौं संस्करणको पोखरा महोत्सवको उद्घाटन पुर्व



पोखरा रंगशालाबाट शुरु हुने झांकी र्‍यालीमा सहभागी हुने प्रतिवद्धता जनाएका छन ।

अन्तरक्रिया कार्यक्रममा वोल्दै जनकल्याण तमु समाजका सचिव यज्ञ बहादुर गुरुङले पोखरा महोत्सव सम्पूर्ण पोखरेलीको महोत्सव भएकाले महोत्सवलाई भब्य र सभ्य बनाउनका लागि आफ्नो संस्था प्रतिवद्ध रहेको वताए । पोखरा महोत्सवले विशुद्ध सामाजिक कामलाई अगाडी वढाउने भएकाले आफ्नो संस्थाबाट झांकी सहित महोत्वमा उपस्थिती रहने उनको भनाइ रहेको थियो । त्यस्तै नेपाल मगर संघ रामबजार मगर समाजका अध्यक्ष सुधा थापा मगरले बाह्रौं संस्करणको पोखरा महोत्सवलाई विगतमा जस्तै आफ्नो संस्थाबाट समेत झांकी सहभागी गराउने प्रतिवद्धता जनाउदै पोखरा महोत्सवको सफलताको कामना गरे । सो अवसरमा वोल्दै युनाइटेड क्लबका अध्यक्ष तथा बाह्रौं पोखरा महोत्सव मुल आयोजक समितिका संयोजक राजु श्रेष्ठले बाह्रौ संस्करणको पोखरा महोत्सवलाई बिगतका महोत्सवमा जस्तै सम्पूर्ण संघ संस्थाको साथ र सहयोग रहनेमा आफुहरु विश्वस्त रहेको वताए । युनाइटेड क्लबले आयोजना गर्ने महोत्सव विशुद्ध सामाजिक कामका लागि भएकाले सम्पूर्णको साथ र सहयोगलेनै पोखरा महोत्सव बाह्रौं संस्करण सम्म आइपुगेको उनको भनाइ रहेको थियो । सो अवसरमा उद्गम टोल बिकास संस्थाका हर्क बहादुर गुरुङ, पोखरा १३ का बृहष्पति शर्मा, बलाराम ढुंगाना लगायतले महोत्सवको सफलताको शुभकामना सहित आ आफ्नो धारणा राखेका थिए । बाह्रौं पोखरा महोत्सव संघ संस्था समन्वय संयोजक सुक बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रमको सञ्चालन महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले गरेका थिएभने कार्यक्रममा झांकी र्‍याली ब्यवस्थापन उपसमिति संयोजक विष्णु कुमार गुरुङले स्वागत मन्तब्य राखेका थिए ।

# कोन सहकारीको रक्तदानमा ९० युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

पोखरा महानगरपालिका वडा न १३ कुँडहर स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा भएको खुल्ला रक्तदान कार्यक्रममा ९० युनिट रगत संकलन भएको छ ।

२५ औं वार्षिकोत्सव तथा रजत जयन्तीको अवसरमा शनिवार रक्तदान कार्यक्रम गरिएको हो । गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय प्रमुख भेषराज रिजालले पहिलो रक्तदाता तथा कोन सहकारीका सचिव शान्तकुमार श्रेष्ठलाई ब्लड व्याग हस्तान्तरण गरी कार्यक्रम शुभारम्भ गरिएको थियो । प्रमुख रिजालले सामाजिक उत्तरदायित्व अन्तर्गत खुल्ला रक्तदान कार्यक्रमले समाजमा सहकारी प्रति सकारात्मक




सन्देश जाने भन्नुभयो । वडा नं १३ का वडा अध्यक्ष किरण वरालले कोन सहकारीले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय कार्य गर्दै आइरहेको भन्नु भयो । आकस्मिक रक्तदान युनिट पोखराका संस्थापक एवं परिकल्पनाकार हरिशचन्द्र शर्माले २०६५ सालदेखी सुरु गरिएको कार्यक्रममा पाँच सय ६ जना रक्तदाता आवद्ध रहेको जानकारी दिनु भयो । कोन सहकारी संचालक समितिका सदस्य शारदा पराजुली (सिग्देल) सात सिद्धान्त वाचन गुर्नभएको थियो । कोन सहकारीको रक्तदान कार्यक्रम शनिवार विहान हुने सूचना थाहा पाउने वित्तिकै ओ हो कोनले त समाजमा राम्रो कार्यक्रम गर्दै आएको हुनाले रक्तदान गरेकी हुँ वडा नं १३ निवासी गिता लौडारीले पोखरापत्रलाई वताईन ।

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थबहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा कोन सहकारी संचालक समितिका उपाध्यक्ष माधवप्रसाद सिग्देलले स्वागत, सचिव शान्तकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रममा शिक्षा उपसमितिका संयोजक खड्कवहादुर गुरुङ(खुसीमान)ले उद्घाटन सत्रदेखी समापनसम्म अनावरत रुपमा संचालन गर्नुभयो ।

नेपाल रेडक्रस सोसाइटी कास्की प्रादेशीक रक्तसंचारका प्रमुख अर्जुन ज्ञवाली र यमुना केसी, समिक्षा अधिकारीको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको थियो ।

# सार्वभौम सत्ता रक्षाका लागि एकजुट हुन आवश्यक : पूर्वराष्ट्रपति यादव

रासस
काठमाडौं, २१ पुस

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले सबै मिलेर देशको सार्वभौमसत्ताको अस्तित्व जोगाउनुपर्ने बताउनुभएको छ ।


राष्ट्रिय मेलमिलाप तथा एकता दिवसका अवसर पारेर शनिबार वीपी विचार राष्ट्रिय समाजले आयोजना गरेको ‘वीपी वाद’ पुस्तकको लोकार्पण कार्यक्रममा बोल्दै उहाँले सबै मिलेर देश, जनता र देशको सार्वभौमसत्ताको अस्तित्व जोगाउनुपर्नेमा जोड दिनुभयो । पूर्वराष्ट्रपति डा यादवले वर्तमान सरकारले देश र जनताको पक्षमा राम्रो काम गर्न नसकेको गुनासो गर्नुभयो । उहाँले देशमा शिक्षा, स्वास्थ्य र कृषिको अवस्था दयनीय भएको उल्लेख गर्नुभयो । देश निर्माणका लागि कसैलाई पनि अब पछि फर्किएर हेर्ने छुट नभएको उहाँको भनाइ थियो । उहाँले दैनिक हजारौँ मानिस विदेश गइरहेकोप्रति गुनासो व्यक्त गर्नुभयो । पूर्वराष्ट्रपति डा यादवले देशको अस्तित्व कायम राख्नका लागि आम जनाता एकजुट हुन आग्रह गर्नुभयो । समाजका अध्यक्ष एवं पूर्वमन्त्री गोविन्दराज जोशी, लक्ष्मण डा जयराज आचार्य, डा विपिन अधिकारी, लोकेश ढकालगायत वीपीको मेलमिलाप नीतिको बारेमा चर्चा गर्नुभएको थियो ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (वाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# राष्ट्रिय सभालाई मर्यादाहीन नबनाऊ

राष्ट्रियसभा सदस्यमा सत्ता गठबन्धन दललाई भागबन्डा मिलाउन हम्मेहम्मे परेको छ । तीन दिनदेखि प्रतिपक्षी नेकपा एमाले पनि राष्ट्रिय सभा सदस्य चुनावमा सामेल हुने भयो भनेर गठबन्धनमा रडाको मच्चिएको थियो। प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले एमालेलाई पनि संगै लान खोजेको प्रचार गरिएको थियो । गठबन्धनसंग भाग खोजेको भनी एमालेभित्रै असन्तुष्टि थियो । बाहिर गरिएका प्रचारलाई एमाले सचिवालय बैठकले राष्ट्रिय सभा सदस्यका १९ सिटमै उमेदवारी दिने निर्णयले सामसुम पारेको छ।सत्ता गठबन्धनका दलहरु भागबण्डा मिलाउन भन्दा सबैले धेरै भाग खोजेर जग हसाउने काम गरेका छन ।

राष्ट्रियसभाको चरित्र र प्रकृतिअनुरुप प्रतिनिधित्व कसरी गराउने भन्ने छलफल भएको छैन।दलले डम्पिङ साइट बनाउन खोजेको आरोप लागेको छ । सत्तारुढ र विपक्षी दलले राष्ट्रिय सभाको चरित्र अनुसारको उमेदवार दिन सकेका छैनन।चुनाव हारेका र पटक पटक अवसर पाएकालाई लैजान खोजेको भनी नेतृत्वको आलोचना भएको छ। व्यापक आलोचनाको पृष्ठभूमि एकातिर छ । तर, उमेदवार छनोटका क्रियाकलाप हेर्दा राष्ट्रियसभामा विधागत विज्ञता हासिल गरेका परिपक्व व्यक्तित्वहरूको प्रतिनिधित्व गर्ने सोच बनाएको देखिँदैन । कार्यकर्ता थन्क्याउने ठाउँ बनाउन खोजिएको छ।बाह्र वर्ष कुकुरको पुच्छर ढुङ्गा भित्र राखे पनि बाङ्गाको बाङ्गै भने जस्तै दलको व्यवहार छ।

स्थानीय तह, प्रदेश र प्रतिनिधिसभामा चुनाव हारेका, चुनाव हार्ने डरले समानुपातिक सूचीमा रहेकाहरू नेता 'मिलाउँदै' वा 'खुसी तुल्याउँदै' माथिल्लो सदन छिर्ने दाउमा छन् । नेतृत्व वृत्त पनि राजनीतिक पात्रहरूलाई 'व्यवस्थापन' गर्न खोज्दै छन् । स्वार्थै-स्वार्थमा रमेका दलीय शीर्ष नेतृत्व वृत्त पनि 'विश्वासपात्र'कै खोजीमा छन् । दौडधुप हेर्दा राष्ट्रियसभामा यसपालि पनि राजनीतिक वृत्तकै वर्चश्वशाली हर्ताकर्ताहरू हाबी हुने लगभग निश्चित जस्तै देखिन्छ । राष्ट्रियसभा, स्थायी अर्थात् अविछिन्न प्रकृतिको सदन हो । दुई-दुई वर्षमा एक तिहाई सदस्य बदलिन्छन् । पहिलो पटक गोला प्रथाबाट २, ४ र ६ वर्षे 'भाग्य' निर्धारण हुँदाबाहेक राष्ट्रियसभा सदस्यको कार्यकाल ६ वर्षको हुन्छ, प्रतिनिधिसभा सदस्यभन्दा एक वर्ष बढी ।

विषय विज्ञ नहुँदाको भुक्तभोगी राष्ट्रियसभा बनिसकेको छ । सात महिनाअघि राष्ट्रिय सभामै 'विद्युतीय व्यापार विधेयक २०८०' मा सैद्धान्तिक छलफलमा बिजोग देखिएको हो । 'सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वसनीय बनाउने' विधेयक थियो, राष्ट्रियसभामा भारत-बंगलादेशलाई विद्युत् बेच्ने सवालमा छलफल चलेकै हो । सदनमा ' हँसिमजाक'को भद्दा रुप देखियो । प्रतिनिधिसभा र राष्ट्रियसभाको चरित्र फरक छ । राजनीतिक मैदानमा भिडेका पात्रहरूले भरिएको हुन्छ, प्रतिनिधिसभा । उनीहरूको सोच बढी मात्रामा दलीय चरित्रमा आधारित हुन्छ । मतदाता खुसी पार्नुपर्ने चिन्ता हुन्छ । प्रतिनिधिसभाले सरकार निर्माण गर्नुपर्ने हुँदा राजनीति बढी हुने नै भयो । राजनीतिकै कारणले प्रतिनिधिसभामा कहिले काहीँ रोष्टम घेराउ हुनु अनौठो मानिँदैन । किनभने तिनले जनतालाई आकर्षित गर्न कहिले होस् गुमाउँदै जोश प्रदर्शन गर्न सक्छन् । प्रतिनिधिसभामा राजनीतिक द्वन्द्व वा झगडा पर्छ ।

जुन दृश्य राष्ट्रियसभामा मञ्चन हुनु हुँदैन । हाम्रो संसदीय प्रचलनमा प्रतिनिधिसभामा नारावाजी चल्दा राष्ट्रियसभामा पनि त्यही रुप देखापर्छ । त्यहीकारण कहिले काहीँ टिप्पणी आउँछ, 'प्रतिनिधिसभामा पानी पर्‍यो भने राष्ट्रियसभाले छाता ओढिन्छ । संविधानतः प्रदेश र स्थानीय तह राष्ट्रियसभाका मतदाता हुन् । त्यसको अर्थ हो, दुवै तहले भोगेका, अनुभूत गरेका र संघबाट पेलान गरिएका सवालमा घनिभूत छलफल सदनमा परिणत हुनुपर्थ्यो । संविधानको परिकल्पनाअनुरुप संघ, प्रदेश र स्थानीय तहबीच 'समन्वयात्मक भूमिका' प्रदर्शन गर्ने थलो हो, राष्ट्रियसभा र उसका समिति । अर्को त, संघीय सरकारको चाहना हुन्छ, शक्ति केन्द्रीकरण गर्ने । तिनका त्यस्ता अनुचित चाहना बनाउँदै अंकुश लगाउने दायित्व माथिल्लो सभाकै हो । राष्ट्रियसभाले आफ्ना मतदाताप्रति न्याय गर्नकै खातिर पनि उनीहरूका गुनासा सम्बोधन गर्ने सवालमा संघीय सरकारको घाँटी अठ्याउँदै जवाफदेही हुन वाध्य पारि नुपर्थ्यो । त्यो कर्म पूरा गर्न राष्ट्रियसभा जुझारू भएको पाइँदैन ।

संसदीय कालखण्डकै जस्तो अभ्यास गर्ने हो भने राष्ट्रियसभाकै भूमिकामा प्रश्न उठ्नेछ । अनि मुलुकको ढुकुटीलाई व्ययभार थप्ने गरी त्यो संस्था किन राख्ने ? २०६३ देखि २०७४ सम्म एक सदनात्मक व्यवस्थामा मुलुक चलेको हो, त्यही माग पनि आउन सक्छ । प्रतिनिधिसभाकै रुप राष्ट्रियसभामा देखिने हो भने त्यो सदन के काम ? राष्ट्रियसभा त परिपक्व होस्, भएका बौद्धिकपन खारिएका पात्र पुग्नुपर्छ । उनीहरूले हरेक निर्णय होसमै रहँदै गर्छन् र प्रतिनिधिसभाबाट होस् गुमाउँदै गरे/भएका खराब कामको जाँच गर्दै धरातलीय यथार्थ देखाउनुपर्छ । संविधानको मर्म परिपक्व सदन बनाउने हो भने राष्ट्रियसभामा 'विषयविज्ञ' व्यक्ति पठाइनुपर्छ, न कि पार्टीमा चुनाव हारेका नेता व्यवस्थापन गर्ने केन्द्र । राष्ट्रिय सभाको गरिमा बढाउन त्यही चरित्रका पात्र खोजी अहिलेको आवश्यकता हो । कसलाई निषेध गरेर जाने होइन सबैको जनमत अनुसारको प्रतिनिधित्व हुनु उचित हो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलतामन | कुम्भ | : मानसिक तनाब |
| कन्या | : चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# साबित्रा भण्डारीलाई सम्मानित

**रासस**
लमजुङ, २१ पुस

नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी फरवार्ड खेलाडी साबित्रा भण्डारी (साम्बा) सम्मानित हुनुभएको छ ।

बैंसीसहर नगरपालिका-७ सहजी खेलमैदानमा जारी ३१औँ त्रिवेणी कपको समापन कार्यक्रममा शनिबार भण्डारीलाई त्रिवेणी युवा क्लबले सम्मान गरेको हो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नगद २० हजार, दौसल्ला ओढाएर साम्बालाई सम्मान गर्नुभयो । लमजुङ जिल्लामा जन्मेर जिल्ला र देशको नाम अन्तर्राष्ट्रियस्तरसम्म चिनाउन सफल भएकाले उहाँलाई सम्मान गरिएको क्लबका सचिव प्रविण वाग्लेले बताउनुभयो । गृह जिल्लामा सम्मानित हुन पाउँदा खुसी लागेको फुटबल खेलाडी भण्डारीले बताउनुभयो । यस्ता सम्मानले अझै राम्रो र निरन्तरण खेल्न प्रेरणा मिल्ने उहाँको भनाइ छ । तत्कालीन सिम्पानी गाविस-७ पामचोकमा हाल मर्स्याङ्दी गाउँपालिका-९ मा जन्मिनुभएको भण्डारीले यसअघि जिल्लाका विभिन्न ठाउँबाट सम्मान प्राप्न गनुभएको छ । भण्डारी हाल सशस्त्र प्रहरी बल क्लब तथा नेपाल महिला राष्ट्रिय फुटबल टोलीबाट खेल्ने गर्नुभएको छ । नेपाली फुटबल क्षेत्रमा साम्बा उपनामले समेत परिचित साबित्रा महिला फुटबल खेलाडीमा आफूलाई स्थापित गर्दै अघि बढ्नुभएको छ ।

# पश्चिम म्याग्दीका महिला फुटबलप्रति आकर्षित



**रासस**
म्याग्दी, २१ पुस

म्याग्दीको मालिका गाउँपालिका-६ की रोशनी पुन केवी एकेडेमीको मैदानमा फुटबल खेल्दै गरेको भेटिनुहुन्छ । उहाँ जस्तै २० देखि ३० वर्ष हाराहारी उमेरका महिला बिहान र बेलुकीको फुर्सदको समयमा फुटबल खेल्ने गर्नुहुन्छ । भौगोलिक विकटता भए पनि पश्चिम म्याग्दीको ग्रामीण क्षेत्रमा पछिल्लो समय महिला फुटबलको आकर्षण दिनप्रतिदिन बढ्दो छ । यही पुस पहिलो साता दरबाङमा सम्पन्न सातौँ करवीर कप प्रतियोगिताको मुख्य आकर्षण नै महिला फुटबल बनेको स्थानीय अगुवा हिराबहादुर पुनले बताउनुभयो । दरबाङस्थित पुरानो जनप्रिय खेलमैदान युवा पुस्ताका लागि 'स्पोर्ट सेन्टर' बनेको छ भने महिलाका लागि 'रिफ्रेस सेन्टर' बनेको छ । यो खेल मैदानमा बिहान र बेलुकी फुटबल खेल्ने महिला तथा पुरुषको जहिले पनि भीड लाग्ने गरेको स्थानीय खेल प्रशिक्षक तेन्जिङ लामाले बताउनुभयो ।

खुला ठाउँको अभावले गर्दा शारीरिक व्यायाम गर्नबाट बञ्चित बनेका बालबालिकादेखि युवापुस्ताका लागि जनप्रियको पुरानो खेलमैदान र केवि एकेडेमीको खेलमैदान उपयुक्त स्थान बनेका उहाँको भनाइ छ । त्यसैगरी मालिका, मङ्गला र धवलागिरि गाउँपालिकाका महिला पनि पछिल्लो समय फुटबल खेलप्रति आकर्षित भएका छन् । "सहरका महिला जिम जाने, बिहानी हिँडाइ गर्ने गर्दछन् भने हामी गाउँका महिला कामबाट फुर्सद मिलेको समय मैदानमा भेला भएर फुटबल खेलेर रमाइलो गर्ने गर्दछौँ", मालिका-२ की ललिता विकले भन्नुभयो ।

हिउँदका छ महिना जिल्लाका ग्रामीण भेग मेला र पर्वमय हुने गर्दछन् । विद्यालय, युवा क्लब, आमा समूह, स्थानीय निकायलगायत विभिन्न सङ्घसंस्थाले आयोजना गर्ने यस्ता मेला तथा पर्वमा स्थानीय महिलाको सहभागिता र उपस्थिति पुरुषको तुलनामा बढी हुने गर्दछ । यस्तै मेला पर्वको अवसरमा यहाँका महिला पनि विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता जनाउँदै प्रतिस्पर्धा गर्ने गरेका धवलागिरि युवा नगेन्द्र मल्लले बताउनुभयो ।

"दरबाङको केवी एकेडेमीमा आयोजित महिला फुटबल प्रतियोगिता हेर्न लायकको थियो", उहाँले भन्नुभयो, "फुटबलप्रति महिलाको आकर्षण कति रहेछ भन्ने बुझ्न त्यही एउटा प्रतियोगिता नै काफी छ, यस्तै प्रतियोगिता पश्चिम म्याग्दीका अरू ठाउँमा पनि हुने गरेका छन्, ती ठाउँमा पनि फुटबलप्रेमी महिलाको सङ्ख्या बाक्लो देखिन्छ ।" जिल्ला फुटबल सङ्घ म्याग्दीका अध्यक्ष कुमार बानियाँले पछिल्लो समय खेलकुद र त्यसमा पनि फुटबल तथा भलिबलप्रति म्याग्दीका ग्रामीण महिला निकै आकर्षित भएका बताउनुभयो । "घरको कामबाट फुर्सद निकालेर महिला मैदानसम्म आई फुटबल खेल्ने गरेका छन्", उहाँले भन्नुभयो, "यो राम्रो पक्ष हो, एकातिर शारिरिक तन्दुरुस्ती कायम गर्न सघाउ पुग्छ भने अर्कोतिर अनावश्यक कुरामा ध्यान पनि जाँदैन ।"

यहाँका महिलाले फुटबलभन्दा फुटसल खेलमा बढी रुचि देखाउन थालेका छन् । "फुटबल पहिलाबाटै खेल्दै आएको हो, तर हामीलाई फुटबलभन्दा फुटसल निकै सजिलो लाग्ने गर्छ", फुटबल खेलाडी मनिका रोकाले भन्नुभयो, "फुटसल र फुटबल एकै प्रकृतिका खेल भए पनि यसको नियम र खेल्न तरिका फरक छन्, फुटबलमा ११ खेलाडी उत्रन्छन्, फुटसलमा पाँच खेलाडी भिड्छन्, फुटबल खेल ४५-४५ मिनेटको दुई हाफमा विभाजन गरी ९० मिनेट खेलाइन्छ, फुटसल २०-२० मिनेट गरी दुई हाफमा ४० मिनेट खेलिन्छ, त्यसैले हामीलाई यही सजिलो हुन्छ ।"

# रंगरोगनले थप आकर्षण बन्दै बिशाल महादेव मुर्ति

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस



त्यसै त हजारौं पर्यटकहरुलाई आकर्षण गरेको बिशाल महादेव (भुमेश्वर) को मुर्तिले अझ थप आकर्षण बनाउन रंगरोगन गर्न थालिएको छ ।

मुर्तिको केही भागमा फुर्सो त केही रंग खुइलिएको कारण शिव मुर्तिलाई सबैको थप आकर्षण बनाउन पनि हाल रंग रोगन गर्न लागिएको पुम्दीकोट कोट विकास समितिका अध्यक्ष एवं उक्त बिशाल महादेव मुर्ति निर्माण समितिका संयोजक समेत रहनु भएका चन्द्रकान्त बरालले बताउनु भयो । करिब १४ लाखको लागतमा महादेवको मुर्तिमा रंगरोगन हुने भएको छ भने करिब २ महिनासम्म त्यसको रंगरोगनको काम हुने भएको समितिले जनाएको छ । पोखरा क्षेत्रमा रहेका अनुभवी कालिगणबाट हाल मुर्तिमा रहेको पुरानो रंगको भाग खुर्कीयर फालेसंगै नयाँ रंगरोगन गरिने भएको हो । ५१ फिट अग्लो बिशाल महादेवको मुर्ति, ३१ फिट अग्लो बिशाल डमरु, बिशाल महादेवको बिशाल क्षेत्र कुण्ड (गङ्गा पोखरी) १०८ धारा जडित तेस्रो आँखा २१६ शिवलिङ्ग, १०८ स्वर्गद्वारी सिंढी, शिव ताण्डब नृत्य तथा अन्तराष्ट्रिय ध्यान केन्द्र, मोनोरेलद्वारा भगवान गणेश परिक्रमा, सुमेरु पर्वतमा कुमार पार्वतीको मृति, शौचालय सहित सुबिधा सम्पन्न प्रशासनिक भबन, फूलमाला बिक्रिका लागि ४१ वटा व्यवसायीक शटर, कम्पाउड वाल, २०० मिटर पक्की पहुँचमार्ग लगायतका भौतिक संरचना निर्माण भएको अध्यक्ष बरालले बताउनु भयो ।

पोखरा २२ मा रहेको बिशाल महादेव मुर्ति परिसरमै धार्मिक एवं पर्यटकीय गन्तव्यको रुपमा हालै दुई करोडको लागतमा सुमेरु पर्वत निर्माण गरिएको छ । समितिले कुमार र पार्वतीको मुर्ति सहित अन्य भौतिक संरचना निर्माण गरी सुमेरु पर्वतको रुपमा हालै निर्माण गरेको हो । उक्त परियोजनामा बाँकी ३ करोड लगानी आवश्यक भएको अध्यक्ष बरालले बताउनु भयो । उक्त परियोजनामा लाईटिङ्गको लागी थप दुई करोड ५४ लाख र रुङगटा वैकुण्ठ हलको ईको साउण्ड कन्ट्रोलका लागी करिब ४२ लाख गरि ५ करोड लाग्ने प्राविधिक ईष्टमेट रहेको अध्यक्ष बरालको दाबी छ । उक्त संरचना निर्माणमा हालसम्म करिब २७ करोड खर्च भएको समितिले जनाएको छ भने अझै १३ करोडको भौतिक संरचना निर्माण गर्न बाँकी रहेको जनाएको छ । पोखरामा आउने पर्यटकहरुलाई साँझमा लेजर लाइट मार्फत महादेवको मुर्तिलाई पर्दा बनाई शिव दाण्डव नृत्य, महादेवको शिव लिला समेत प्रर्दशनी गरिने परिकल्पना गरिएको अध्यक्ष बरालको भनाई छ । परियोजनाका परिमार्जित गुरुयोजनामा सुमेरु पर्बत नामकरण गरी भूमेश्वर महादेव देखि सुमेरु पर्बतसम्म पंहुचका लागि विधुतीय चियर कार, ग्रिनेरी पार्क, ब्यबस्थित पार्किङ स्थल निर्माण गर्ने बिषयहरु समेटिएको उहाँले जनाउनु भयो ।

# अधिकृत बिक्रेता संघमा मनोज

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस



अधिकृत बिक्रेता संघ पोखराको १७औं साधारण सभा तथा ९औं अधिवेशनले मनोजकुमार श्रेष्ठको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ ।

पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्यसमेत रहेका उनी यसअघि अधिकृत बिक्रेता संघकोव वरिष्ठ उपाध्यक्ष थिए । पोखरा उद्योग बाणिज्य संघका कार्यसमिति सदस्य मनोजकुमार श्रेष्ठ अध्यक्ष पदमा, कार्यसमिति सदस्य दिलिपकुमार श्रेष्ठ महासचिव पदमा र कार्यसमिति सदस्य देबेन्सन प्रजु सह-सचिब पदमा साथै हाम्रो साधारण सदस्य मित्रहरू क्रमश वरिष्ठ उपाध्यक्षमा तेजेन्द्र पौडेल, कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा तेजेन्द्र पौडेल, उपाध्यक्षमा रवि सापकोटा, महासचिवमा दीलिपकुमार श्रेष्ठ, सहसचिवमा देवेन्सन प्रजु, कोषाध्यक्षमा राजेन्द्रकुमार श्रेष्ठ, सहकोषाध्यक्षमा ज्ञानेन्द्र गौतम चयन भएका छन् भने कार्यसमिति सदस्यहरुमा नवराज अधिकारी, विजेन्द्र शर्मा पौडेल,विनय राजभण्डारी, भेषराज चापागाईं र अमृत सापकोटा रहेका छन् ।

# घरमै सुत्केरी भए कालो टीका !

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ पुस

केही वर्षअघिसम्म सुत्केरी हुने बेला गोठ खोज्ने बज्रबाङ र स्याउलाका महिला अहिले गर्भ रहेको थाहा पाएदेखि स्वास्थ्यचौकी धाउँछन् । आठ पटक गर्भ जाँच गर्ने तथा स्वास्थ्यचौकीमै सुत्केरी हुने कुरा यहाँका सबै महिलालाई थाहा छ ।

गाउँमा चालु आर्थिक वर्ष सुरु भएपछि १५ जना सुत्केरी भए । उनीहरू सबै सुरक्षित स्वास्थ्य संस्थामा सुत्केरी भएका हुन् । तमानखोला गाउँपालिका-१ मा पर्ने यी गाउँमा एउटा सक्रिय आमा समूह छ । गर्भवती र सुत्केरी तथा नवजात शिशुको जीवन रक्षाका विषयमा बुझेको आमा समूहले नौलो अभियान चलाएको छ । यी गाउँमा अहिले घरमा सुत्केरी हुन पाइँदैन । कसैले अटेरी गरे परिवर्तनशील स्वास्थ्य आमा समूह सुत्केरीकै घरमा पुग्छ र कालो टीका लगाइदिन्छ । घरमै सुत्केरी भए गाउँघरमा अशुभ मानिने कालो टीका लगाउनुपर्ने भएकाले दुई वर्षयता घरमा सुत्केरी हुनेको सङ्ख्या शून्य छ । "गर्भजाँच नगरे पनि पहैंलो टीका लगाउनुपर्छ, आठपटक गर्भ जाँचेर स्वास्थ्यचौकीमा सुत्केरी भए बल्ल रातो टीका लगाउन पाइन्छ", बज्रबाङकी रविना विकले भन्नुभयो, "मैले सबै जाँच पूरा गरेर स्वास्थ्य संस्थामा बच्चा जन्माएकी हुँ ।" आमा समूहले उक्त अभियान सुरु गरेदेखि कोही पनि घरमा सुत्केरी भएका छैनन् । घरमा सुत्केरी हुँदा आमा र बच्चाको स्वास्थ्यमा हुनसक्ने जोखिमको विषयमा सबै महिलाले जानकारी पाएका छन् । यहाँका पुरुषले पनि आमा समूहको यो अभियानलाई सहयोग गरेको छ । गर्भावस्था र सुत्केरी अवस्थाका सम्भावित जोखिमको विषयमा धेरै सचेतनाका कार्यक्रम सञ्चालन भए । सरकारी र गैरसरकारी संस्थाबाट भएका प्रयास यहाँको परम्परागत मान्यताका कारण सफल हुन सकेका थिएनन् । तर, अहिले समूहमा आबद्ध भएका महिला आफैँले कालो टीकाको नियम लगाएका हुन् । "आफैँले बनाएको नियम आफैँले नमान्न भएन नि", बज्रबाङकी स्वास्थ्य स्वयंसेवीका रुपमायाँ घर्तीले भन्नुभयो, "अहिले गर्भवती खोजीखोजी स्वास्थ्य संस्था जाने गरेका छन्", यो आमा समूहले गर्भवती, सुत्केरी र नवजात शिशुका विषयमा सचेतनाका कार्यक्रम, पोषणसम्बन्धी सचेतनाका कार्यक्रमसमेत चलाउने गरेका छन् । गाउँमा भएका गर्भवती र सुत्केरीको विषयमा जान्न बुझ्न यो आमा समूहको नियमित बैठक हुन्छ । त्यही बैठकले सबै आमा र बच्चाको सुरक्षित भविष्यको विषयमा योजना बनाउँछ तथा कार्यान्वयन गर्छ । तीनवर्ष पहिले तमानखोला गाउँपालिकाले बज्रबाङमा गाउँघर क्लिनिक सञ्चालनमा ल्याएको छ । विवाइसी बागलुङसँग मिलेर त्यहा क्लिनिकका लागि भवन बनेको छ । गर्भजाँचका लागि बोंगादोभान स्वास्थ्यचौकीबाट स्वास्थ्यकर्मी त्यहीँ पुग्छन् । त्यहाँबाट बोंगादोभान पठाइएका गर्भवती त्यहाँ सुत्केरी हुन नसक्ने अवस्था आए बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र पठाइन्छ । त्यहाँ पुग्न गाउँपालिकाले यातायात खर्च दिन्छ । त्यहाँभन्दा बाहिर जाँदा रु दश हजार खर्च गाउँपालिकालेनै दिने गरेको छ । "बर्थिङ सेन्टर भएकाले गाउँपालिकाभरिकै गर्भवती यहाँ आउनुहुन्छ, होम डेलीभरी शून्यमा झारेका छौँ", बोंगादोभान स्वास्थ्यचौकीका अहेव रविना बुढा मगरले भन्नुभयो, "अहिले गाउँपालिकाले चिकित्सकसमेतको व्यवस्था गरेकाले धेरै सजिलो हुन्छ ।" स्वास्थ्य संस्थामा आएका अधिकांश गर्भवतीलाई समयमा नै समस्याको पहिचान गर्ने र अन्यत्र पठाउनुपर्ने भए समयमै पठाउने गरेको उहाँले सुनाउनुभयो ।

# एसओएस गण्डकीमा ४० औँ वार्षिक खेलकुद समारोहको समापन

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस




पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर विद्यालय गण्डकीको ४० औँ वार्षिक खेलकुद कार्यक्रमको एक भव्य समारोहबीच शनिवार समापन गरिएको छ । बिहीवारदेखि विद्यालयको प्राङ्गणमा सम्पन्न उक्त समारोहलाई गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेलले समापन गरे ।

समापन समारोहमा आफ्नो मन्तव्य राख्दै प्रमुख अतिथि पौडेलले हाम्रो सामाजिक र राष्ट्रिय आवश्यकतालाई मध्यनजर राख्दै शिक्षणपद्धतिको विकास गर्न नसकिएकाले देशमा बेरोजगारीको सङ्ख्या बढेको र त्यसैका कारण प्रतिभा पलायनको समस्याले तीव्रता पाइरहेको बताए । 'धेरै अभिभावकविहीन बालबालिकाहरूको संरक्षण, लालनपालन र शिक्षादीक्षाको यथोचित व्यवस्था गर्दै आइरहेको एसओएसजस्तो परोपकारी संस्थालाई सबै पक्ष मिलेर अगाडि बढाउनुपर्छ ।' सचिव पौडेलले भने, 'प्रदेशको शिक्षा, स्वास्थ्य, सामाजिकलगायतका धेरै क्षेत्रको जिम्मेवारी वहन गर्दै आइरहेको मन्त्रालय भएका नाताले एसओएस जस्तो मानवतावादी संस्थालाई सहयोग गर्नु हाम्रो पनि जिम्मेवारी हो भन्ने महसुस गरेका छौं ।' उनले खेलकुदमा विद्यार्थीहरूद्वारा प्रदर्शन गरिएको प्रतिभाको प्रशंसा गर्दै उत्कृष्ट विद्यार्थीहरूलाई बधाई पनि दिए । एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यको अध्यक्षतामा सम्पन्न समारोहमा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले स्वागत मन्तव्य राखेका थिए । एसओएसको उद्देश्यमाथि प्रकाश पार्दै प्रधानाध्यापक सुवेदीले अभिभावक गुमाएका र गुमाउने जोखिममा रहेका बालबालिकाहरूको संरक्षण गर्दै आइरहेको विद्यालयले बर्सेनि उत्कृष्ट नतिजा प्राप्त गरी नेपालको शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्याएको बताए। समारोहमा पोखरा महानगरपालिका वडा नं. १५ का अध्यक्ष तोरणबहादुर बानियाँ, एसओएस बालग्राम पोखराका परियोजना निर्देशक लोब्स्याङ ग्याल्ट्सेन, विद्यालय निरीक्षक कृष्णप्रसाद भण्डारी, कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक बलराम गिरी, सिद्ध माध्यमिकविद्यालयकाप्रधानाध्यापक गुरुदत्त कोइराला, छोरेपाटनस्थित एसओएस व्यावसायिक तालिम केन्द्रका कार्यवाहक प्रमुख मोहन केसी, एसओएस बालग्राम गण्डकीका उपनिर्देशकद्वय बाबुराम बराल र राजेन्द्र रेग्मी, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन गण्डकीका एकाइ अध्यक्ष टीकाराम सुवेदी, एसओएस गण्डकीका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, एसओएस बालग्राम गण्डकीकी आमा प्रतिनिधि पार्वती पाण्डे, बालग्रामकी सेवानिवृत्त आमा शारदा पराजुली, एसओएस गण्डकीकी पूर्वशिक्षिका एवम् छात्रवृत्ति कोष स्थापक जया बराल, चिकित्सक डा. वर्षा बराललगायतका अन्य विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो । प्रतियोगितात्मक खेलका विजयी विद्यार्थीहरूलाई प्रमुख अतिथि गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेल, एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले संयुक्त रूपमा प्रमाणपत्र, नगद पुरस्कार तथा पदक प्रदान गरे ।

# गाउँमा पुगेर नागरिकको स्वास्थ्य परीक्षण

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २१ पुस

स्याङ्जाको चापाकोट नगरपालिकाले गाउँमा नै पुगेर नागरिकको स्वास्थ्य परीक्षण देखी पालिकाबाट हुने सेवा प्रवाहको थालनी गरेको छ ।

हरेक बर्ष नागरिकको घरदैलोमा पुगेर सेवा प्रवाह गर्ने उदेश्य अनुरुप चापाकोट नगरपालिकाले यो बर्षपनि बृहत घुम्ती शिविर राखेर सेवा दिएको हो । नगरपालिकाले पौष १४ गते वडा नम्वर ६ बाट यो सेवा शुभारम्भ गरेको थियो । शिविर अहिलेपनि जारी रहेको चापाकोट नगरपालिकाका प्रमुख प्रशासकीयक अधिकृत ध्रव खनालले जानकारी दिए ।

प्रमुख प्रशासकीय अधिकृत खनालका अनुसार अहिलेसम्म ६, ७, ५, ४, २ नम्बर वडामा क्रमस शिविर सम्पन्न भइसकेको छ । घरदैलोमा पालिकाले दिने सेवा पाएपछि यहाँका नागरिक खुशी भएको खनालले दावी गरे । अहिलेसम्म झण्डै १६ सय नागरिकले स्वास्थ्य सेवा लिएको उनले बताए । घुम्ति शिविरमा सबैभन्दा बढी स्वास्थ्य सेवा लिएको बताइएको छ । १४ बाट



शुरु भएको घुम्ति शिविर पौष २७ गते चापाकोट ९ मा आएर समापन हुने प्रमुख प्रशासकीय अधिकृत खनालले बताए । १० ओटा वडा रहेको चापाकोट नगरपालिकामा अव ६ ओटा वडा बाँकी रहेका छन् । शिविरबाट योजना सम्झौता, कृषि, पशु, बैंक खाता खोल्ने लगायतका सेवाहरु प्रदान गरिएको छ । सबै वडामा स्वास्थ्य शिविरबाट ठुला बिरामी फेला परेमा उनीहरुको समापनको दिन विशेषज्ञ सेवा सहित स्वास्थ्य उपचार गरिने उनले बताए । नगरपालिकाका बृहत् निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेर नागरिकका स्वास्थ्यसम्बन्धी समस्या गाउँमा नै समाधान गर्न लागेको हो ।

सामान्य समस्याको उपचारका लागि टाढा जानुपर्ने बाध्यतालाई कम गर्न गाउँमा नै शिविर सञ्चालन गर्न लागेको चापाकोट नगरपालिकाका नगरप्रमुख देवबहादुर खाँण (ईश्वर) ले बताए । नागरिकलाई सहज होस् भनेर स्वास्थयकर्मीसहितको टोली गाउँमा पठाएका छौं उनले भने,'शिविरका कारण नागरिकलाई गाउँमा नै उपचार गर्ने अवसर प्राप्त भएको छ ।' स्वास्थ्य सेवा मात्रै नभएर पालिकाबाट हुने सबैसेवा शिविरबाट प्रदान गरेका छौं उनले भने । गतवर्ष पालिकाले गरेको स्वास्थ्य शिविरमा नागरिकको उत्साहजनक सहभागिता रहेको भन्दै प्रमुख खाँणले नागरिकको माग र आवश्यकताका आधारमा यस वर्ष पनि शिविरलाई निरन्तरता दिएको बताए। शिविरमा निःशुल्क स्वास्थ्य जाँच, भिडियो एक्स-रे, ई.सी.जी, आँखा परीक्षण, दन्त परीक्षण, परिवार नियोजनका लागि सहजीकरण र रगत, दिसा पिसाब परीक्षण हुनेछ भने वडास्तरीय र नगरस्तरीय योजनाहरु सम्झौता हुने नगरपालिकाले जनाएको छ । शिविरमा पाठेघरको मुखको क्यान्सरको परीक्षण समेत गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत खनालका अनुशार शिविरमा आयुर्वेदिक पद्धतिबाट समेत उपचार हुने र औषधि प्रदान गरिनेछ । शिविर प्रत्येक वडाको स्वास्थ्य चौकीमा सञ्चालन हुने नगरपालिकाले जनाएको छ । गाउँमै गएर चापाकोट नगरपालिकाले सेवा प्रवाह दिनथालेपछि नागरिकको उत्साहजनक सहभागिता सगै स्थानीय सरकारको अनुभुती गरेको नगरपालिकाले जनाएको छ । जसले गर्दा पालिकामा गएर योजना सम्झौता गर्ने बाध्यता हटेको छ ।

# बागलुङ महोत्सवमा मुख्य आकर्षण बन्यो सिस्नोको पाउडर र बाँकोको गुन्द्रुक

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

यही पुस ११ देखि धवलागिरि बहुमुखी क्याम्पस प्राङ्गणमा सुरु सातौं बागलुङ महोत्सवमा स्थानीय उत्पादन आगन्तुकको रोजाइमा परेका छन् ।

सिस्नोको पाउडर, जङ्गली बाँकोको गुन्द्रुक, भाँगो, सिल्टिमुर, आलु, मुलाको धजरा, मकैको आँटो, नेपाली कागज, अल्लोका कपडा, आलुलगायतका स्थानीय उत्पादन राखिएका प्रदर्शनी कक्षमा अवलोकनकर्ताका भिड लागेको छ। आयोजक बागलुङ उद्योग वाणिज्य सङ्घले स्थानीय उत्पादनका लागि प्रदर्शनी कक्ष निःशुल्क उपलब्ध गराएको छ । महोत्सवमा आउने अधिकांशका लागि विशेष गरी सिस्नोको पाउड र बाँकोको गुन्द्रुक रोजाइमा परेको छ । यस्ता प्रदर्शनी कक्षमा पुग्ने अधिकांशले एक-दुई पोका सिस्नोको पाउडर र गुन्द्रुक किनेर लैजाने गरेको देखिन्छ । स्थानीय उत्पादनलाई प्राथमिकतामा राख्दै महोत्सव सुरु हुनुपूर्व नै सङ्घले जिल्लाका दशवटै पालिकामा उत्पादन हुने स्थानीय वस्तुलाई ल्याउन भनेको थियो । सोहीअनुसार ताराखोला गाउँपालिका, जैमिनी र गलकोट नगरपालिकालगायतका स्थानबाट स्थानीय उत्पादन ल्याइएको थियो । गाउँमा वर्षौंदेखि महिलाले सिस्नोको पाउडर, गुन्द्रुक, अचारलगायतका सामग्री उत्पादन गरे पनि प्रचार-प्रसार र बजारीकरण हुन नसकेको भन्दै महोत्सवमार्फत यसको प्रबर्द्धनमा सहयोग पुगेको ताराखोला गाउँपालिका-५ की निरु घर्तीका भनाइ छ । ताराखोलामा धेरै समय अघिदेखि 'सहनशीला सिस्नो पाउडर उत्पादन लघुउद्यमी समूह'ले सिस्नोको पाउडर उत्पादन गर्दै आएको थियो । तर समूहले उत्पादन गरेको सिस्नोको पाउडरको बजारीकरणमा समस्या देखिएको थियो । महोत्सवमा प्रदर्शन गरेपछि यसको माग बढेको उहाँले सुनाउनुभयो । "महोत्सवमार्फत स्थानीय उत्पादनको प्रचार-प्रसारमा सहयोग पुगेको छ । बजारीकरणमा पनि सहज हुने अपेक्षा गरेका छौं", घर्तीले भन्नुभयो, "पहिले प्रचारप्रसार पुगेको थिएन । आगामी दिनमा माग बढ्ने र गाउँबाटै बिक्री बढ्ने आशा गरेका छौं ।" बडिगाड गाउँपालिका-१ की बिनु सलामीले महोत्सवले स्थानीय उत्पादनको प्रचार गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो । प्रदर्शनी कक्षसमेत निःशुल्क पाएपछि व्यापार गर्न र उत्पादन बारेमा धेरैलाई जानकारी दिन सहज भएको उहाँको भनाइ छ । महोत्सवमा आएका धेरैले बाँसबाट बनेको काँगियो, खुर्पेटो, कोदोको पिठो, बाँकोको गुन्द्रुक, सिस्नोको पाउडर, सिमी र भाँगो बढी किनेर लैजाने गरेको सलामी बताउनुहुन्छ । महोत्सवले गाउँमा उद्यम गरेर अर्ग्यानिक उत्पादन गर्ने उद्यमी उत्साहित बनाएको उहाँको भनाइ छ । बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले महोत्सवमा स्थानीय उत्पादनलाई मुख्य प्राथमिकता दिएको बताउनुभयो । अधिकांश स्थानीय उत्पादनै प्रयोग गरेको भन्दै प्रदर्शन कक्षमा धेरै प्रकारका सामान राखिएको उहाँको भनाइ छ ।

जिल्लामा पाइने भाँगो, गुन्द्रुक र रातो च्याउलाई विश्वभर चिनाउन आवश्यक रहेको भन्दै यसबेला धेरै प्रचार भएको अध्यक्ष कँडेल बताउनुहुन्छ । कला, संस्कृति र स्थानीय उत्पादननै महोत्सवको मुख्य आकर्षण हुनेगरी व्यवस्थापन गरिएको उहाँले बताउनुभयो । अध्यक्ष कँडेलले भन्नुभयो, "बागलुङ छुट्टै पहिचान बोकेको जिल्ला हो, पछिल्लो समय कला, संस्कृति र परम्परा हराउँदै गएका छन्, यसलाई संरक्षण गर्न, व्यापार व्यवसायलाई चलायमान बनाउन र स्थानीय उत्पादनलाई बजारीकरणका लागि बढी ध्यान दिएका छौं, महोत्सव अवधिमा राम्रो प्रचार भएको र व्यापार भएको बुझेका छौं ।" महोत्सवको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गर्नुभएको थियो ।

# हात्ती आक्रमणबाट १२ जनाको मृत्यु, १३ घाइते

रासस
झापा, २१ पुस

जिल्लामा डेढ वर्षको अवधिमा हात्ती आक्रमणबाट १२ जनाको ज्यान गएको छ भने १३ जना घाइते भएका छन् । घरमा सुतिरहेको अवस्थामा, बिहानको हिँडाइका क्रममा र जङ्गलमा घाँस दाउरा काट्ने क्रममा हात्ती आक्रमणबाट उनीहरूको ज्यान गएको हो । डिभिजन वन कार्यालयका अधिकृत ऋषि पराजुलीका अनुसार विसं २०८० को वैशाखदेखि हालसम्म एक गैरनेपालीसहित छजनाको हात्ती आक्रमणमा ज्यान गएको छभने छजना घाइते भएका थिए । यसैगरी, विसं २०७९ मा सातजनाको मृत्यु र आठजना घाइते भएको उहाँले जानकारी दिनुभयो ।

सोही अवधिमा छ हात्ती मरेको तथ्याङ्क वन कार्यालयमा रहेको छ । गत वर्ष तीन र चालु आर्थिक वर्षमा तीन गरी छ हात्ती मरेका हुन् । डिभिजन वन कार्यालयको तथ्याङ्कअनुसार २०६८ देखि २०८० पुस २० सम्ममा झापामा ५८ जनाको मृत्यु भइसकेको छ । त्यसमा सात गैरनेपाली पनि छन् । एक दशकमा ७५ जना हात्तीको आक्रमणमा घाइते भएको वन कार्यालयले जनाएको छ । जिल्लामा चार दशकदेखि मानव र हात्तीबीचको द्वन्द्व निरन्तर छ । चार दशकदेखि गुज्रिरहेको जङ्गली हात्ती र मानवबीच द्वन्द्वको कहिल्यै नसिद्धिने यो सिलसिलाबाट अहिले पनि झापा, मोरङ र सुनसरी आक्रान्त छन् । यो अवधिमा कति मानिसको ज्यान गयो भन्ने पूर्ण तथ्याङ्क उपलब्ध छैन । मेचीपारी भारतमा महानन्द वन्यजन्तु निकुञ्ज छ । पश्चिम बङ्गालको वन्यजन्तु संरक्षण गरिने उक्त जङ्गलमा आसामदेखि आउने हात्तीले बासस्थान बनाउने गरेका छन् । त्यहाँ दिनभर आराम गर्ने हात्तीको बथान साँझ परेपछि आहारको खोजीमा सीमा तरेर बाहुनडाँगी हुँदै नेपाल प्रवेश गर्ने गरेका छन् । खेतबारीमा लगाएका अन्न र फलफूल खाएर विनाश गर्ने हात्तीले मानिसलाई पछिल्लो समयमा अधिक आक्रमणको निशाना बनाउँदा अकालमा धेरैले ज्यान गुमाउनुपरेको हात्ती संरक्षण अभियानकर्मी शङ्कर लुइँटेल बताउनुहुन्छ ।

# लमजुङमा सुन्तला उत्पादनमा ह्रास

पोखरापत्र संवाददाता
लमजुङ, २१ पुस

लमजुङमा सुन्तला उत्पादनमा ह्रास आएको छ । सुन्तला बगैँचा हेरचाहमा किसानको बेवास्ता, बोटमा रोग लाग्नेलगायत कारण सुन्तला उत्पादनमा कमी आएको हो ।

बैँसीसहर नगरपालिका-११ चिती स्याउतका भगवती पन्तले १३ रोपनी जग्गामा छ सयभन्दा बढी सुन्तलाको बोट लगाउनुभएको छ । उहाँले एक दशकअघि बर्सेनि रु छ लाखदेखि रु सात लाखसम्म आम्दानी गर्दैआउनुभएको थियो । तर पछिल्लो समय बर्सेनि पन्तको सुन्तला बगैँचा सखाप हुँदै गएको छ । यस वर्ष मुस्किलले रु ८० हजारसम्म आम्दानी गरेको उहाँको भनाइ छ । घर खर्च चलाएर पनि बचत हुने गरेकामा यतिबेला सुन्तला उत्पादन घट्दै गएको पन्तले बताउनुभयो ।

जिल्ला कृषि विकास कार्यालयले पकेट क्षेत्रमा सूचीकृत गरेको स्याउत गाउँमा केही वर्षदेखि सुन्तला उत्पादन घट्दै गएको छ । एक दशकअघिसम्म गाउँभरिका बगैँचाबाट वार्षिक रु दुई करोडसम्म सुन्तला बिक्रीबाट किसानले आम्दानी गरेका थिए । छ/सात वर्षयता रु १० लाखसम्म मात्रै आम्दानी गरेका स्थानीय रमेशराज पन्तले बताउनुभयो । विगत वर्षमा पर्याप्त सुन्तला उत्पादन हुने चिती, गाउँसहर, सिम्पानी, भोर्लेटार, कुन्छा, गहते, दुराडाँडा, राइनास, भोजे, उदिपुर घिमिरेलगायतमा समेत उत्पादनमा कमी आएको किसानले बताएका छन् ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी विजय पौडेलका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा एक सय ३० हेक्टर क्षेत्रफलमा लगाएको सुन्तला खेतीबाट चार सय मेट्रिक टन सुन्तला उत्पादन भएको छ । गत आर्थिक वर्षमा जिल्लामा एक सय २५ हेक्टर जमिन क्षेत्रफलमा लगाइएको सुन्तला खेतिबाट पाँच सय २५ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । सुन्तला खेती गरेको क्षेत्रफल वृद्धि भएपनि उत्पादन एक सय २५ मेट्रिक टन कम भएको सूचना अधिकारी पौडेलले बताउनुभयो । त्यस्तै, आव २०७८/७९ मा एक सय ८० हेक्टर क्षेत्रफलमा एक हजार दुई सय ४० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । आव २०७७/७८ मा दुई सय १३ क्षेत्रफलमा एक हजार चार सय २४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । पछिल्ला वर्षमा क्रमशः क्षेत्रफल र उत्पादन घट्दै गएको कृषि ज्ञान केन्द्रले जनाएको छ । विभिन्न रोग, कीरा लाग्नुका साथै सुन्तला उत्पादनतर्फ किसानको पर्याप्त ध्यान नपुगेकाले उत्पादनमा कमी आएको केन्द्रले जनाएको छ ।

सुन्तलाको बोट तथा सुन्तलामा कत्लेकीरा, पतेरोलगायतका कीराले बिरुवा तथा बोटमा रोग सार्ने र सिट्रेस डिक्लाइन (उत्पादनमा ह्रास हुने रोग), ग्रिनिङ भाइरसजस्ता रोग लाग्ने तर गोडमेल, स्याहार, सिँचाइको व्यवस्था, बिरुवा छनोटजस्ता काममा सुन्तला किसानले ध्यान नपुगेकाले सुन्तला बगैँचा मासिँदै गएको छ । जिल्लामा उत्पादन भएको सुन्तला काठमाडौँ, पोखरा, चितवनलगायत सहरमा बिक्री गर्ने गरिएको छ ।

# प्रधानमन्त्री कप क्रिकेट : समूह विजेता बन्दै स्याङ्जा फाइनल

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

स्याङ्जा आसन्न प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको गण्डकी प्रदेशस्तरीय छनोट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा आजको खेलमा कास्कीलाई ७७ रनले पराजित गरी समूह 'ए' को विजेता बन्दै स्याङ्जाले फाइनलमा स्थान बनाउन सफल भयो । स्याङ्जाले यसअघि बाग्लुङलाई पनि पराजित गरेको थियो । खेलमा टस जितेर सुरुवातमा ब्याटिङ रोजेको स्याङ्जाले निर्धारित ५० ओभरको खेलमा नौ विकेट गुमाउँदै दुई सय २२ रनको योगफल बनाएको थियो । खेलमा जितका लागि दुई सय २३ रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रिएको कास्की ४० ओभरको तेस्रो बलमा जम्मा एक सय ४५ रन बनाएर अलआउट भयो। स्याङ्जाका अङ्कित न्यौपाने र आश्विन रानाले तीन/तीन तथा सन्दीप खत्री क्षेत्रीले एक विकेट लिनुभयो । स्याङ्जाका ईश्वर क्षेत्रीले सर्वाधिक ५५ र मीलन क्षेत्रीले ३६ रनको योगदान दिनुभयो । कास्कीका कप्तान विपीन खत्री तीन तथा नितेश गिरी र आदित्य थापाले समान दुई/दुई विकेट लिनुभयो । 'प्लेयर अफ दी म्याच' घोषित स्याङ्जाकाका आश्विन रानालाई पर्वत जिल्ला क्रिकेट सङ्घका अध्यक्ष रेशमबहादुर केसीले पुरस्कार वितरण गर्नुभयो ।

प्रतियोगिताको समूह 'ए' मा का खेल सम्पन्न हुँदा कास्कीले दुई अङ्क जोड्न सफल भयो । बाग्लुङले भने कुनै पनि अङ्क जोड्न सकेन । प्रतियोगिता अन्तर्गत आइतबारदेखी समूह 'बी'का खेल सुरु हुने आयोजक गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो । सूमह 'बी'को विजेताले फाइनलमा स्याङ्जासँग उपाधिका लागि खेल्नेछ। प्रतियोगिताको फाइनल खेल पुस २५ गते सञ्चालन हुनेछ । नेपाल क्रिकेट सङ्घको आयोजनामा आगामी पुस २८ गतेदेखि राजधानी काठमाडौँमा प्रधानमन्त्री कप राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिता सुरु हुँदैछ । गण्डकी प्रदेशले आफ्नो पहिलो खेल पुस २८ गते लुम्बिनी प्रदेशसँग खेल्ने खेल तालिका रहेको छ ।

# थाउजेन माइल्स ट्राभल्स दोस्रो वर्षमा

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

पोखराको लेकसाइडमा रहेको थाउजेन माइल्स ट्राभल्स एण्ड टुरिजम प्रा. लि. दोस्रो बर्षमा प्रवेश गरेको छ ।

ट्राभल्सले टिकेटिङ, टुर, ट्रेकिङको क्षेत्रमा सेवा प्रदान गर्दै आइरहेकोम्यानेजिङडाइरेक्टरदेवेन्द्र अधिकारीले बताए । विश्वभरी नेपालको सौन्दर्य र विविधतालाई फैल्याउनु ट्राभल्सको मुख्य उद्देश्य रहेको र लुकेर रहेका पर्यटकीय गन्तब्यहरुको पहिचान गरी यात्रा गराउने लक्ष्य ट्राभल्सको रहेको अधिकारीको भनाई छ ।

नेपालमै बसेर पनि केहि गर्न सकिन्छ भन्ने योजनाका साथ ट्राभल्स सञ्चालन गरिएको र सञ्चालनको एक बर्षमा नै धेरैको मन जित्न सफल हुनुका साथै धेरैको रोजाइमा पर्ने गरेको जनरल म्यानेजर बिजय पौडेलले जनाए। हाल देशका युवा बिदेशिने क्रम बढ्दै गएको समयमा पनि रोजगारी र अवसर देखेर ट्राभल्स सगैँ टुरिजमको क्षेत्रमा कामको सुरुवात गरिएको पौडेलको भनाई छ ।

अहिले सम्म ट्राभल्सले ५ सय जना बिदेशी र २ सय जना नेपालीलाई सेवा प्रदान गरिसकेको छ ।